आज मिति २०७३ साल आषाढ २७ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द

६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१० ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द

**निर्णय :**

निर्णय नं. १: आदर्श टोल विकास संस्था, रत्ननगर नगरपालिका ११ मा टोल क्षेत्रभित्र सडक पोलहरुमा वत्ति जडान तथा मर्मत गर्दा लागेको रु. ३२,५००।- (वत्तिस हजार पाँच सय) निकासा पाउँ भनी माग भैआएकाले यस न. पा. को आ. व. २०७२।०७३ को सडक बत्ति शिर्षकबाट व्यय हुने गरी उल्लेखित रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २: यस नगरक्षेत्रमा निर्माण हुने भौतिक संरचनाको डिजाईन तथा नक्सा तयार गर्न परामर्शदाता तथा निर्माण गर्ने निर्माणकर्मीहरु सूचिकृत हुनुपर्ने व्यवस्था भए वमोजिम हालसम्म निश्चित अवधिमा सूचना दिई सूचिकृत गर्ने प्रचलन रहेकोमा यस आ. व. बाट कुनै समयसिमा नतोकी जुनसुकै समयमा पनि आवश्यक प्रकृया पुऱ्याई निवेदन पेश गरेमा र सूचिकृत हुन मिल्ने देखिएमा आवश्यक दस्तुर लिई सूचिकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: नक्सा डिजाईन तथा तयार पार्ने परामर्शदाताहरु तथा निर्माणकर्मीहरुले सूचिकृत हुन वा नविकरणका लागि निम्नानुसार शुल्क लिने निर्णय गरियो ।

१. नयाँ सूचिकृत हुन चाहने नक्सा डिजाईन तथा तयार पार्ने परामर्शदाताका लागि रु. ५,०००।- (पाँच हजार मात्र)

२. पुरानो नविकरणका लागि रु. ३,०००।- (तीन हजार मात्र)

३. नयाँ निर्माण व्यवसायीको सूचिकृत गर्न रु. २०००।- (दुई हजार मात्र)

४. पुरानो नविकरणका लागि रु. १,०००।- (एक हजार मात्र)

निर्णय नं. ४: यस न. पा. को २० औं नगरपरिषदबाट आ. व. ०७३।०७४ देखि नगरपालिकाको बजार क्षेत्र रहेका वडाहरुमा सरसफाई सेवा शुल्क लगाउने निर्णय भएको र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४५, उपनियम २ वमोजिम नगर क्षेत्रभित्र फोहोर मैला व्यवस्थापन, सरसफाई सुविधा उपलब्ध गराए वापत सरसफाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था भएको र आवश्यक दररेट समेत नगर परिषदबाट तय भईसकेको हुँदा आ. व. २०७३।०७४ मा यस न. पा. को वडा नं. १, २, ३, ४, ७, ८, १३, १७ र १८ वडाहरुमा सरसफाई सेवा शुल्क लगाउने र उक्त कर एकीकृत सम्पत्ति करसंग जोडेर लिने निर्णय गरियो ।